# राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाइ वन क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धि अपनाउनु पर्ने प्रक्रिया तथा विधि

## १. सम्बन्धित प्रस्तावक प्रयोगकर्ता कम्पनि, उद्योग वा संस्था वा निकायले पेश गर्नु पर्ने कागजपत्रहरु

१.१ प्रस्तावकको निवेदन ( वन तथा भूसंरक्षण मन्त्रालय वा वन विभागमा पेश गरेको भए सो अनुसारको विभागको पत्र)
१.२ राष्ट्रिय योजना आयोगले प्राथमिकता प्राप्त भनी लेखिएको पत्र ।
१.३ प्रस्तावकले माग गरेको जग्गाको विवरण (लोकेसन विवरण गाविस, वार्ड नं, ठाउको नाम स्पष्ट खोलेको)
१.४ प्रस्तावकले माग गरेको जग्गामा स्थापना तथा निर्माण गर्ने संरचनाको नक्सा तथा क्षेत्रफल एकिन भएको विवरण ।
१.५ EIA तथा IEE गर्नु पर्ने आयोजनाको हकमा सो सम्बन्धि सवै प्रक्रिया पुरा गरी पेश गरेको प्रतिवेदन तर वातावरण संरक्षण ऐन, २०५३ तथा ऐ. नियमावली, २०५४ आकर्षित नहुने साना आयोजनाहरुको हकमा वन तथा भूसंरक्षण मन्त्रालयले तोकेको ढांचामा स्थलगत सर्भेक्षणको आधारमा वातावरणमा उल्लेख्य प्रभाव पर्ने नपर्ने विषयमा वन क्षेत्र माग गर्ने निकायले स्पष्ट पारेको प्रतिवेदन ।
१.६ माग गरेको वन क्षेत्रको जग्गा भोगाधिकार प्रयोगमा लिएको क्षेत्रफल नघटने गरी तथा कटान गरी हटाउनु पर्ने रुखहरुको १ वरावर २५ वटा (१० से.मि. व्यास भन्दा माथिको रुखहरुको हकमा मात्र) को दरले हुने वृक्षारोपण गरिने कार्यको ५ वर्ष सम्म संरक्षण समेत गर्ने वा सो बरावरको मुल्यांकन अनुसारको दस्तुर जिल्ला वन कार्यालयमा पेश गर्ने प्रतिवद्धता भएको पत्र ।
१.७ वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३ मा उल्लेख भएको अन्य समन्धित विवरणहरु -आयोजनाको प्रकृति हेरेर ।

## २. जिल्ला वन कार्यालयले अपनाउनु पर्ने प्रक्रिया

स्थलगत जांचवुझ निरिक्षण गरी प्रतिवेदन तयार गर्ने । स्थलगत जांचवुझ प्रतिवेदनमा निम्न बमोजिम कागजपत्रहरु संलग्न गर्ने ।
क. सरोकारवालाहरुलाइ राखी मुचुल्का गर्ने मुचुल्का (चारकिल्ला तथा जग्गाको विवरण अनिवार्य राख्नु पर्ने ) र सो को सक्कल प्रति । सबै कागजपत्रहरुमा सरोकारवालालाई रोहवर राखेर तयार गर्ने ।
ख. सामुदायिक वन । कवुलियती वन तथा अन्य कुनै समुदायमा आधारित वनहरु पर्ने भए सोको जग्गा उपलब्ध गराउन सकिने सम्बन्धि निर्णय प्रति (निर्णयमा चारकिल्ला सहितको क्षेत्रफल समेत उल्लेख गर्नु पर्ने) सहितको ( विधान, तथा कार्य योजना अनुसारलाइ आधार बनाई) जिल्ला वन कार्यालयलाई लेखिएको पत्र ।
ग. वन क्षेत्रको जग्गाको नक्सांकन गर्ने र नक्साको फिल्डवुक समेत राख्ने । (आवश्यक परेमा नापीकार्यालयको नक्सा फिल्डवुक समेत राख्ने ) ।
घ. वन क्षेत्रबाट रुखहरु हटाउन पर्ने भए सो रुखहरुको १० सेमि माथिको व्यासका रुखहरुको लगत विवरण (रुखको जात, व्यास वा गोलाइ, क्लास आदि ) । वन क्षेत्रबाट हटाउनु पर्ने रुखहरुको लगत रजिष्टर जिल्ला वन कार्यालयमा पनि राख्ने तथा वन विभागमा पनि पठाउने ।
ङ. सो वन क्षेत्रको **विकल्प भए सोको विवरण तथा विकल्प नभएको अवस्थाको जांचवुझ गर्नेबाट प्रतिवेदन** लिने ।
च. आयोजनाले गर्नु पर्ने १:२५ वृक्षारोपणको स्थल छनौट गरी वृक्षारोपण र ५ वर्ष संभार योजना पनि पेश गर्ने ।

## ३. जिल्ला वन कार्यालयले वन विभागमा पेश गर्नु पर्ने प्रतिवेदनसाथका कागजपत्रहरु

३.१ आयोजनाले पेश गरेको वुंदा नं १ बमोजिमको कागजपत्रहरु ।
३.२ स्थलगत जांचवुझ गरिएको मुचुल्का प्रतिवेदन सक्कल ।
३.३ सामुदायिक वन । कवुलियती वन । धार्मिक वन आदि भित्रको वन क्षेत्र भए सो निकायको वन क्षेत्र उपलब्ध गराउने बारेको पत्र सक्कल प्रति ।
३.३ स्थलगत नक्सांकन गरिएको नक्सा तथा फिल्डवुक (सक्कल प्रति) ।
३.४ रुख हटाउनु पर्ने भए सो को लगत रजिष्टर (सक्कल प्रति) ।
३.५ स्थलगत जाचवुझ गर्ने कर्मचारीको प्रतिवेदन सहित जिल्ला वन अधिकृतको राय सहितको टिप्पणी । (सो टिप्पणीमा वन क्षेत्रले ओगटने क्षेत्रफल, चार किल्ला, विकल्पको वारेमा राय अनिवार्य समावेस गर्ने ) ।
३.६ वन विभागमा पेश गरिने सबै कागजपत्रहरु जिल्ला वन अधिकृतले प्रमाणित गर्ने ।

पुनश्चः वन विभागमा पेश गरिएको कागजपत्रहरुको छाया कपि प्रमाणित गरि जिल्ला वन कार्यालयमा पनि एक प्रति राख्ने ।